# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०१ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा ९४० को ९१० बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## बालविवाह मुक्त गाउँपालिका अभियान संचालन निर्देशिका २०७९

ताँजाकोट गाउँपालिकामा बालविवाह न्युनीकरण अभियान संचालनगरि अन्तिममा बालविवाह मुक्त सामाज निर्माण गरि बाल अधिकारको संरक्षण गर्न बान्छनिय देखिएकोले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

**परिच्छेद–१**

**प्रारम्भिकः**

१. **संक्षिप्तनाम र प्रारम्भः यस कार्यविधिको नामः–** "बालविवाह मुक्त नगरपालिका अभियान सञ्चालन निर्देशिका २०७९" रहेको छ।

२. यो निर्देशिका तुरुन्त लागु हुनेछ।

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "**बालबालिका**" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

(ख) "**ऐन**" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ

(ग) "**कार्यपालिका**" भन्नाले ताँजाकोट कार्यपालिका सम्झनु पर्छ।

(घ) "**अध्यक्ष**" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) "**उपाध्यक्ष**" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(च) "**कार्यपालिका सदस्य**'' भन्नाले ताँजाकोट गाउँकार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(छ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले ताँजाकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

(ज) "**पीडित**" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ।

(झ) "**समिति**" भन्नाले यस कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ।

(ञ) "**बालबिवाह**" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने विवाहलाई सम्झनु पर्छ।

(ट) "**वडाअध्यक्ष**" भन्नाले ताँजाकोट गाउँपालिकाका अन्तरगतका वडाहरुका अध्यक्ष लाई सम्झनु पर्दछ।

(ठ) "**वडासदस्य**" भन्नाले ताँजाकोट गाउँपालिकाका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ।

(ड) "**सामाजिक संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफा मूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैर सरकारी संस्था समेतलाई जनाउँछ।

(ढ) "**निजी संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफा मूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

**परिच्छेद-२**

**बालविवाह मुक्त गाउँपालिका र वडा घोषणा गर्दा प्रक्रिया**

१. वडा/गाउँपालिकाको वार्षिक रुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकल नगर्ने,

२. बालविवाहको तथ्यांकको आधारमा बालविवाह हुने वस्ती, टोल समुदाय र वडालाई कार्यक्रम केन्द्रितगर्ने

३. विद्यालय केन्द्रित अभियान सञ्चाल नगर्ने ।

४. गाउँपालिका/वडास्तरीय सरोकारवालाहरु वीचको समन्वय वैठकमा बालविवाह मुक्त नगर र वडा घोषणा गर्न आधारभुत सूचक माथि छलफल गर्ने ।

५. गाउँपालिकावाट बिनियोजन बजेटबाट रहीगाउँपालिका स्तरीय बालअधिकार (संरक्षण) समितिको मार्फत बालविवाहमुक्त वडा र गाउँपालिकाको लागि बार्षिक कार्य योजना निर्माण गरीबि भिन्न वडा तथा बिद्यालय स्तरमातालीम, ऱ्याली तथा अर्न्तक्रिया कार्यक्रम संचाल नगर्ने ।

६. गाउँपालिकातथा वडा बालअधिकार (संरक्षण) समिति, बालक्लव, बिद्यालय, स्थानीय धामी झाँक्री समुहरु र कार्यपालिका र वडा समितितथा वडा बालअधिकार (संरक्षण) समितिहरु र स्थानीय धामी झाँक्रीहरु मार्फत घरदैलो अभियान संचालनगर्ने ।

७. गाउँपालिका स्तरमा बालविवाहको अवस्था बिषयक राजनैतिक दल, बाल अधिकार (संरक्षण) समिति, बालक्लव धामी झांक्री समुह, महिला संजाल, लगायतका सरोकार वालाहरु बीच सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने ।

८. गाउँपालिकालाई बालविवाहमुक्त घोषणा लागि गाउँपालिकाबाट निर्णय गर्ने र गाउँपालिका स्तरीय बाल अधिकार समितिले नेतृत्वलिई बालविवाह मुक्त गाउँपालिका घोषणाका लागिमिति, स्थान तय गरि बिभिन्न तयारी उप-समितिहरु निर्माण गरिने ।

९. बालविवाह मुक्त गाउँपालिकाका लागि स्थानिय रेडियो र पत्रिकाहरु संग साझेदारीका लागि प्रचार प्रसार गर्ने ।

१०. स्थानिय धामी झाँक्री तथा ज्योतिषीहरु मार्फत अवका दिनदेखी २० बर्ष भन्दा मुनीका बालबालीकाहरुको बिवाहको लगननदिने प्रतिवद्धता र गाउँपालिकाको सम्वन्वयात्मक वैठकमा निर्णय समेत गर्ने र प्रतिवद्धता जाहेर गराउने ।

११. प्रहरी कार्यालय संग समन्वयगर्ने र प्रहरीमार्फत बालविवाह सामाजीक तथा कानुनी अपराध हो भनी बालविवाह नगराउनका लीगि जागरण तथा अर्न्तक्रियाका साथै बिभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने

१२. बालविवाहमुक्त वडा र गाउँपालिका घोषणा कार्यक्रमका लागि बिभिन्न स्थानिय सांस्कृतिक झलक र बाजागाजाहरु तयार गर्ने । सचेतनामुलक बिभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।

१३. बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा सभाको आयोजना गर्ने बालविवाह मुक्त पालिका/वडामा सहयोग पुऱ्याउने व्यक्ति, संघ संस्था तथा निकायहरुलाई पुरस्कृत गर्ने ।

१४. बालविवाह मुक्त वडा घोषणाका लागि वडाको बाल अधिकार समितिले बालविवाह मुक्त घोषणा सम्बन्धी नेतृत्व तथा विभिन्न निर्णयहरु लिने ।

**परिच्छेद-३**

**वडा र गाउँपालिका बालविवाह मुक्त घोषणाका सूचकहरु**

१. वडा र गाउँपालिकामाविवाहगर्नेउमेर अनुसार विवाहभएको तथ्यांक चुस्तदुरुत अभिलेख भएको हुनु पर्नेछ

२. गाउँपालिकामा बाल संरक्षण सयन्त्रबनेको, (बालअधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बालविवाह अन्त्य सम्बन्धी रणनीति बनेको, बाल संरक्षण फोकल पर्सन तोकेको) हुनु पर्ने ।

३. बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

४. गाउँपालिकाले बाल संरक्षण नीतिबनाई लागु गरेको हुनु पर्ने ।

५. गाउँपालिका बाल अधिकार (संरक्षण) समिति तथा विद्यालय र वडा स्तरमा बाल अधिकार समिति क्रियाशिल भएको हुनु पर्ने ।

६. गाउँपालिकामा भएका समुदायमा आधारित संस्था/समिति/समुहहरु बालविवाह विरुद्धमा सक्रिय क्रियाशिल भएका हुनु पर्ने ।

७. बालविवाह विरुद्ध उजुरी दिने गरेको हुनु पर्ने ।

८. लमी/मौलाना/पाष्टर /पुरोहितहरुले बालविवाह गराउन छाडेको हुनु पर्ने ।

९. बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागिहुन छाडेको हुनु पर्ने

१०. बालबालिकाहरु र अभिभावकहरु बाालविवाहका विषयमा सचेत छन । प्रहरी प्रशासन पनि बालविवाहका विरुद्धमा सचेत भई बालविवाहका अपराधिहरुलाई कार्बाहि गर्न सक्रिय भएको हुनु पर्ने ।

११. बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडामा जम्मा विवाहको ८० प्रतिशत विवाह बालविवाह नगरेको तथ्यांक हुनु पर्ने ।

१२. गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्नका लागि ९० प्रतिशत वडाहरु बालविवाह मुक्त घोषण भएको हुनु पर्ने ।

## परिच्छेद-४

## सरोकारवालाहरुको भुमिका

१. जन्म दर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमालिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

२. न्याय प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नकालागि सबै सरौकारवालाहरु प्रतिबद्ध हुदै सहयोग गर्ने

३. विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिक स्थलमा बाल संरक्षण सम्बन्धी संयन्त्रमा र्फत आचार संहित निर्माण गरी पूर्ण रुपमा लागु गर्ने ।

४. बालविवाह विरुद्धको अभियानमा सम्बन्धित निकाय संग सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने

५. सबै सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप संचालन गर्ने ।

६. बालविवाह सम्बन्धि घट्नाको स्थलगत अनुगमन पछि प्रतिबेदन तयार गरी बाल अधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

७ . गाउँपालिकासमन्वय समितिकोअगुवाईमाबालविवाहसम्बन्धीगाउँपालिकास्तरीय र णनैतिक योजनानिर्माण गरी लागू गर्ने

४. यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

५. **बाधा अडकाउ फुकाउने अधिकार** : यस निर्देशिकाको कार्यान्वयनमाकुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

६. **संशोधन** : यस निर्देशिकामा आवश्यकता अनुसार गाउँ सभाले आवश्यक संशोध नगर्न सक्नेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत